सिरानचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

Mail:ito.siranchowkmun@gmail.com

गण्डकी प्रदेश, नेपाल

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

प.सं.:२०७७।७८

च.नं.: १५०४

मितिः२०७८।०२।०३

विषयः **COVID-19 रोकथाम तथा नियन्त्रण वजेट खर्च सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
सिरानचोक गाउँपालिका, गोरखा ।

प्रस्तुत विषयमा यस सिरानचोक गाउँपालिकाको मिति २०७८।०१।३० को गाउँसभाबाट कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको गर्नका लागि प्रत्येक वडा लाई रु. दुई लाखको दरले रकम विनियोजन गरिएको हुदा "**कोरोना भाइरस(कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च मापदण्ड २०७८**" को वमोजिम खर्च गर्नु गराउनुहुन अनुरोध छ । साथै सो रकम खर्च गर्नका निम्ति वनेको खर्च मापदण्ड यसै पत्र साथ संलग्न गरि पठाइएको छ ।

..............................

नेत्रमणी न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

नेत्रमणी न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

# सिरानचोक गाउँपालिका

गोरखा जिल्ला

गण्डकी प्रदेश, नेपाल

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

# कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च मापदण्ड-२०७८

## कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च मापदण्ड-२०७८

**प्रस्तावना:**

सिरानचोक गाउँपालिका क्षेत्रभित्र गैरप्राकृतिक विपद् कोरोना भाइरस (कोभिड -१९) को महामारिले गाउँपालिका वासिहरुमा परेको असुविधालाई मध्यनजरगरी सिरानचोक गाउँपालिकाको मिति २०७८ साल वैशाख ३० गतेको हिउँदे गाउँसभावाट कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रण गर्नका लागि प्रत्यक वडा लाई विपद व्यवस्थापन कोष वाट विनियोजित रकम खर्च गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (न) र सिरानचोक गाउँपालिकाको आर्थिक ऐन, २०७७ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सिरानचोक गाउँकार्यपालिकाले **कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च मापदण्ड-२०७८** बनाएको छ ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम **"कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च मापदण्ड-२०७८"** रहेको छ ।

१.२ यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(च) "मापदण्ड" भन्नाले "कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च मापदण्ड-२०७८" लाई सम्झनु पर्दछ ।

(छ) "प्रभावित व्यक्ति" भन्नाले कोरोना भाइरसको प्रकोपबाट वा नेपाल सरकारले घोषणा गरेको लकडाउनबाट परिवारका सदस्य गुमाएको, स्वास्थ्यजन्य समस्या उत्पन्न भएको र भाइरसका कारण अन्य कुनै तरिकाबाट प्रभावित व्यक्तिलाई सम्झनुपर्छ ।

(ज) "वडा" भन्नाले सिरानचोक गाउँपालिकाका ८ वटै वडालाई सम्झनु पर्दछ ।

३. **कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च सम्वन्धि निर्देशक समिति सम्वन्धि व्यवस्था :**

३.१ वडा भित्रको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्चलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्नको लागि देहाय बमोजिम वडा स्तरीय निर्देशक समिति रहनेछ ।

क) वडा अध्यक्ष - अध्यक्ष

ख) वडा सचिव - सदस्य

ग) वडा स्थित स्वास्थ्य केन्द्रको प्रमुख -सदस्य-सचिव

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

३.२ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य-सचिवले वैठक बोलाउनेछ ।

३.३ आवश्यकता अनुसार निर्देशक समितिको वैठक अध्यक्षको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३.४ सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

३.५ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

**४. कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च पारित समिति सम्वन्धि ब्यवस्थाः**

४.१ वडा भित्रको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्चको प्रभावकारीता लाई मध्यनगर गरि वजेट खर्च पारित गर्नका लागि ५ जना सदस्य रहेको एक खर्च पारित समिति रहनेछ ।

क) वडा अध्यक्ष - अध्यक्ष

ख) वडा सदस्यहरु (४) जना - सदस्य

४.२ वैठकमा वडा स्थित स्वास्थ्य केन्द्रको प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा वोलाउनु पर्नेछ ।

४.३ आवश्यकता अनुसार वजेट खर्च पारित समितिको वैठक अध्यक्षको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

४.४ सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

३.५ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

## परिच्छेद-२

**५. कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण वजेट खर्च आवश्यकता र औचित्यको आधारमा देहायका क्षेत्रहरुमा गर्नुपर्नेछ :**

५.१ कोभिड-१९ सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

५.२ कोभिड- १९ संक्रमणबाट बच्ने सामग्री जस्तैः एन्टिजेन, अक्सिमिटर, थर्मोमिटर, सेनिटाइजर, माक्स आदि  खरिद कार्य गर्न,

५.३ वस्ति स्तरमा गठन भएका कोरोना प्रतिकार्य समुहलाई सुरक्षा मापदण्ड लगायतका विषयमा अभिमूखिकरण गर्न,

५.४ कोभिड-१९ प्रभावित वा जोखिममा परेका व्यक्तिहरूलाई राख्ने सुरक्षित स्थल निर्माण गर्न,

५.५ कोभिड- १९ बाट संक्रमित व्यक्तिको औषधोपचार गर्न,

५.६ जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानमा रहेका विरामी वा जोखिममा रहेका व्यक्तिलाई सुरक्षित आईसोलेसन स्थलसम्म स्थानान्तरण गर्न,

५.७ माथिका शिर्षकमा भएको खर्च तथा विल भर्पाई वडा कार्यालय मार्फत गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ,

५.८ चालु आर्थिक वर्षको रकमको खर्च अर्को आर्थिक वर्षमा गर्न पाईने छैन,

५.९ जिन्सि सामान खरिद गर्नुपर्ने भएमा रीतपूर्वक खरिद गर्दै दाखिला गरि खर्च गर्नुपर्नेछ ।

**नोटः माथि उल्लेखित क्षेत्र वाहेकका क्षेत्रमा खर्च गर्नका लागि विपद ब्यवस्थापन समितिको सहमतिमा मात्र गर्न पाईने छ । माथि उल्लेखित विषयहरु मध्येवाट एउटै क्षेत्रमा मात्र खर्च गर्न पाईने छैन ।**

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

## परिच्छेद-३

६. **बाधा अडकाउ फुकाउने :**

यस मापदण्ड कार्यान्वयनको सम्बन्धमा प्रक्रिया सरलीकरण गर्ने र अनुसूची हेरफेर गर्ने जस्ता विषयमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

७. **प्रचलित कानुन बमोजिम हुने :**

यस मापदण्डमा उल्लेख भएका कुराहरु प्रचलित कानुन सँग वाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

मणी न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

.............................

आज्ञाले